## वैठक नं. ३६

मितिः २०८३।०४।७ गते बिहिबार जिल्ला सरकारी वकील कार्यालय, जाजरकोटको आयोजनामा जिल्ला सरकारी वकील कार्यालय जाजरकोटकोमा सरकारी वकील र अनुसन्धान अधिकारी बीच सरकारवादी मुद्दाको अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउन वैठक बसी देहाय बमोजिम निर्णय गरियो।

उपस्थिति

**सरकारी वकील**

जिल्ला न्यायाधिवक्ता श्री नगेन्द्र लम्साल, जिसवका जाजरकोट

सहायक जिल्ला न्यायाधिवक्ता श्री डिल्लीराज ज्ञवाली, जिसवका जाजरकोट

सहायक जिल्ला न्यायाधिवक्ता श्री भुपेन्द्रजंग शाही, जिसवका जाजरकोट

**प्रहरी अनुसन्धान अधिकारी**

प्रहरी नायब उपरीक्षक श्री बुद्धि सागर पुरी, कार्यालय प्रमुख, जिल्ला प्रहरी कार्यालय, जाजरकोट

प्रहरी निरीक्षक सुधिरकुमार खड्का

**वन अनुसन्धान अधिकारी**

वरिष्ठ वन अधिकृत श्री कृष्णराम धिताल, [illegible] डिभिजन वन कार्यालय, जाजरकोट

वन अधिकृत श्री तारासिंह भुल, भेरी सव डिभिजन वन कार्यालय, जाजरकोट

**अनुसन्धान सहायक**

प्रहरी हवल्दार श्री मिमबहादुर रोकाया, जिल्ला प्रहरी कार्यालय, जाजरकोट

प्रहरी जवान श्री टोपेन्द्र पुन मगर, जिल्ला प्रहरी कार्यालय, जाजरकोट

प्रहरी सहायक हवल्दार श्री दिनेश धिताल, जिल्ला प्रहरी कार्यालय, जाजरकोट

प्रहरी जवान श्री जानकी चन्द, जिल्ला प्रहरी कार्यालय, जाजरकोट

**सहायक कर्मचारी**

नायव सुब्बा श्री गोविन्द वि.क., जिसवका जाजरकोट

नायव सुब्बा श्री गणेशबहादुर घर्ति, जिसवका जाजरकोट

कम्प्युटर अपरेटर श्री सुमन भण्डारी, जिसवका जाजरकोट

खरिदार श्री मिमबहादुर शाही, जिसवका जाजरकोट

छलफलका विषयहरू:

१) आ.व. २०८२।०८३ को सरकारवादी मुद्दा र प्रतिरक्षा मुद्दाको काम कारबाहीको समिक्षा सम्बन्धमा ।

२) आ.व. २०८२।०८३ को जिल्ला सरकारी वकील कार्यालय जाजरकोट तहको समन्वय समितको वैठकका निर्णयहरु तथा सरकारी वकील र अनुसन्धान अधिकारीको वैठकमा भएका निर्णयहरुको समिक्षा सम्बन्धमा ।

३) विगोको दावी, अन्तरिम क्षतिपूर्ति र क्षतिपूर्तिको वस्तुनिष्ठ अनुसन्धान गर्ने तथा पीडित प्रभाव प्रतिवेदन सम्बन्धमा।

४) कसूरजन्य सम्पत्ति व्यवस्थापन सूचना प्रणालीमा विवरण इन्ट्री गर्ने सम्बन्धमा ।

५) श्रब्य दृश्य प्रमाणको अभिलेखिकरण र संकलन सम्बन्धमा ।

निर्णयहरु

१) विषय नं १ को सम्बन्धमा छलफल गर्दा आ.व. २०८२।०८३ मा जिल्ला प्रहरी कार्यालय जाजरकोट, डिभिजन वन कार्यालय जाजरकोटबाट अनुसन्धान भएका, जिल्ला सरकारी वकील कार्यालय जाजरकोटबाट अभियोजन गरिएका, सजाय छुटको मागदावी लिइएका, पीडित प्रभाव प्रतिवेदन पेश गरिएका, अन्तरिम क्षतिपूर्तिको मागदावी लिइएका, मुद्दा चल्ने नचल्ने निर्णय भएका, मिलापत्र र तामेली निर्णय भएका तथा जाजरकोट जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय जाजरकोट र डिभिजन वन कार्यालय जाजरकोटमा दायर भएका तथा मुद्दा हेर्ने अधिकारी र जाजरकोट जिल्ला अदालतमा बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दाहरुको काम कारबाही सम्बन्धमा समिक्षा गरी प्रभावकारी रुपमा अनुसन्धान, अभियोजन र प्रतिरक्षा गर्ने निर्णय गरियो ।

२) विषय नं २ को आ.व. २०८२।०८३ को जिल्ला सरकारी वकील कार्यालय जाजरकोट तहको समन्वय समितिबाट सम्पन्न ४ वटा वैठकमा भएका निर्णयहरु र सरकारी वकील तथा प्रहरी र वन अनुसन्धान अधिकारीहरु बीच संयुक्त रुपमा सम्पन्न तीन वटा वैठक, वन अनुसन्धान अधिकारीहरु र सरकारी वकील बीच सम्पन्न एक वटा वैठक तथा प्रहरी र सरकारी वकील बीच सम्पन्न एक वटा वैठक गरी कुल पाँच वटा वैठकमा भएका निर्णयहरुको कार्यान्वयनको अवस्था र प्रभावकारिता

सम्बन्धमा समिक्षा गरी अनुसन्धान र अभियोजन गर्ने निकायले प्रभावकारी रुपमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

३) विषय नं ३ को विगोको दावी, अन्तरिम क्षतिपूर्ति र क्षतिपूर्तिको वस्तुनिष्ठ अनुसन्धान गर्ने तथा पीडित प्रभाव प्रतिवेदन सम्बन्धमा छलफल गर्दा सरकारवादी मुद्दामा विगोको दावी, अन्तरिम क्षतिपूर्ति र क्षतिपूर्तिको मागदावीलाई वस्तुनिष्ठ र प्रभावकारी बनाउन मुद्दाको शुरुवात चरणदेखि नै क्षतिको सम्बन्धमा प्रभावकारी अनुसन्धान गरी मिसिल संलग्न गरी अनुसन्धान प्रतिवेदनमा समेत विस्तृत रुपमा उल्लेख गर्ने तथा महान्यायाधिवक्ताको कार्यालयको कर्मचारी प्रशासन शाखाको चलानी नं १९७८, मिति २०८३।१।११ को निर्देशन सम्बन्धमा जारी गरिएको पत्रमा महान्यायाधिवक्ताको कार्यालय व्यवस्थापन समितिको निर्णय समेतका आधारमा माननीय महान्यायाधिवक्ताज्यूबाट मिति २०८३।१।४ मा सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ४२ बमोजिम जारी निर्देशनहरुमा निर्देशन नम्बर ४२ विगोको दावीलाई वस्तुपरक तथा प्रभावकारी बनाउने सम्बन्धमा, निर्देशन नम्बर ४३ अन्तरिम राहत तथा क्षतिपूर्ती दिलाउन दावी लिने सम्बन्धमा, निर्देशन नम्बर ४४ क्षतिपूर्तिको दावीलाई वस्तुपरक तथा प्रभावकारी बनाउने सम्बन्धमा जारी निर्देशनहरुको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने निर्णय गरियो । पीडित पक्षलाई अन्तरिम क्षतिपूर्ति मागदावी लिन र पीडितलाई शारीरिक र मानसिक क्षति पुगेको तथा मनासिव क्षति लिनुपर्ने मुद्दामा लागि पीडित प्रभाव प्रतिवेदन मिसिल संलग्न गर्दा प्रभावकारी र सहयोगी हुने भएकाले यस्ता मुद्दाहरुमा अनुसन्धानको शुरुवात चरणदेखि नै पीडित प्रभाव प्रतिवेदन मिसिल संलग्न गर्ने निर्णय गरियो।

४) विषय नं ४ को कसूरजन्य सम्पत्ति व्यवस्थापन सूचना प्रणालीमा विवरण इन्ट्री गर्ने सम्बन्धमा छलफल गर्दा अनुसन्धान गर्ने निकाय जिल्ला प्रहरी कार्यालय र डिभिजन वन कार्यालय तथा अभियोजन गर्ने निकाय जिल्ला सरकारी वकील कार्यालयबाट एक आपसमा समन्वय गरी कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागको चलानी नम्बर ५३८, मिति २०८३।३।२२ गते अनुसन्धान गर्ने निकाय र अभियोजन गर्ने निकाय लगायतलाई सम्बोधन गरी पठाएको पत्रको कार्यान्वयन सम्बन्धमा छलफल गर्दा विभागसँग समेत आवश्यक समन्वय गरी विवरणहरु कसूरजन्य सम्पत्ति व्यवस्थापन सूचना प्रणालीमा इन्ट्री गर्ने निर्णय गरियो।

५) विषय नं ५ को श्रब्य दृश्य प्रमाणको अभिलेखिकरण र संकलन सम्बन्धमा छलफल गर्दा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १८४ मा अनुसन्धान अधिकारी समक्ष भएको बयान, कागज वा लिखतलाई श्रव्य दृश्यका साधनमा अभिलेख गर्न सकिने, फौजदारी कसूरको अनुसन्धान सम्बन्धी नियमावली, २०७५ को नियम २२ मा श्रव्य दृश्य संवाद (भिडियो कन्फरेन्स) को माध्यमबाट संकलित

प्रमाणको अभिलेखिकरण गर्ने र नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको अनुसन्धान तथा अभियोजन सम्बन्धी निर्देशिका, २०८० को दफा ५ को (१) (ग) मा घटनास्थलको फोटो तथा श्रव्य दृश्य (भिडियो) लिने, (१) (ज) मा कुनै व्यक्तिले मृत्यु हुनुभन्दा पहिले मृत्युको कारणका सम्बन्धमा आफ्नो भनाई (मृत्युकालीन घोषणा) राख्न सक्ने अवस्था भएमा उपचार गर्ने स्वास्थ्यकर्मी वा उपलब्ध व्यक्तिको रोहवरमा कागज गर्ने र यसरी कागज गर्दा सम्भव भएसम्म श्रव्य दृश्य (भिडियो) को साधनबाट समेत अभिलेख राख्ने र दफा २१ को श्रव्य दृश्य संवाद (भिडियो कन्फरेन्स) को माध्यमबाट सोधपुछ गर्न सक्ने सम्बन्धी कानूनी व्यवस्थाको कार्यान्वयनले अपराध अनुसन्धान र अभियोजन प्रभावकारी हुने भएकाले जिल्ला प्रहरी कार्यालय र डिभिजन वन कार्यालयमा श्रव्य दृश्य प्रमाणको अभिलेखिकरण र संकलन गर्न मौजुदा साधन स्रोत र जनशक्तिको परिचालन गरी कार्यान्वयन गर्ने तथा थप आवश्यक जनशक्ति र साधनस्रोतको व्यवस्था गर्नका लागि अनुसन्धान र अभियोजन गर्ने निकायका मुख्य कार्यालयहरुबाट आवश्यक पहल र समन्वय हुनुपर्ने देखियो ।